"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"
खाँदवारी नगरपालिका
**Khandbari Municipality**
नगर कार्यपालिकाको कार्यालय

खाँदबारी,सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल ।

## सिलवन्दी दरभाउ पत्र आव्हान गर्ने वारेको सूचना

प्रथम पटक प्रकाशित मिति :– २०७४।१२।१९

यस कार्यालय र वडा कार्यालय समेत प्रयोजनका लागि छपाईका सामाग्रीहरु, स्टेसनरी सामानहरुं, फर्निचर का सामाग्रीहरु समेत खरिद गर्नुपर्ने भएकोले यस कार्यालयमा सुचीकृत भएका आपुर्ति गर्न चाहने आधिकारीक फर्म/संस्था/कम्पनीहरुवाट फर्म दर्ता नविकरण प्रमाण पत्र प्रतिलिपी, मूल्य अभिवृद्धि कर र स्थाई लेखा दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी लगायत आवश्यक प्रमाण कागजातहरुको प्रमाणित प्रतिलिपी राखी यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न शर्त वन्देजको परिधी भित्र रही सिलवन्दी दरभाउ पत्र नगरपालिकावाट खरिद गरी १६ औ दिन दिनको १२.०० वजे भित्र रितपुर्वकाको सिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सुचित गरिन्छ ।

शर्त वन्देजहरु :

१. उक्त दरभाउ पत्र रु. १,००० एक हजार रुपयाँ (पछि फिर्ता नहुने गरी) तिरी नगरपालिकाको राजश्व उपशाखावाट १५ औ दिनसम्म खरिद गर्न सकिनेछ ।

२. उक्त दरभाउ पत्र पेश गर्दा सवै सामाग्री आपुर्ति गर्न इजाजत भएमा एकमुष्ट वा इजाजत नभएमा आफुले आपुर्ति गर्न पाउने वस्तुहरुमा आपुर्ति गर्ने दरहरु खुलाई सही छाप गरी छुट्टा छुट्टै रुपमा पेश गर्नु पर्नेछ । वाहिर खाममा नै कुन सामाग्रीको दरभाउ पत्र पेश गरेको खुलाउनु पर्नेछ (जस्तै छपाई सम्वन्धी वा स्टेसनरी वा फर्निचर फिक्चर्स आदि) ।

४. दरभाउ पत्रदाताले गुणस्तरिय सामाग्रीहरु मात्र आपुर्ति गर्नु पर्ने छ । दरभाउ पत्र मुल्याङ्कन समितीवाट मुल्याकंन गराई खरिद इकाईवाट चेक जाच गरीमात्र वुझिनेछ । गुणस्तरहीन सामाग्रीहरु को भुक्तानी गर्न कार्यालय वाध्य हुने छैन । गुणस्तरिय सामानहरु प्राप्त नभएमा सो सामाग्रीहरु जुनसुकै वखत पनि आपुर्तिकर्तालाई नै फिर्ता गरिनेछ । गुणस्तरिय सामान आपुर्ति नगरेमा आपर्तिकर्ता स्वयम जिम्मेवार हुनेछ ।

५. उक्त सामाग्रीहरु आपुर्ति गर्ने फर्मले कुनै सामाग्रीहरुको ग्यारेन्टी/वारेन्टी/खरिद असर/मर्मत सम्भार अवधि आदि भएमा खुलाई पेश गर्नु पर्नेछ । के कति रकम छुट/कमिसन दिन सकिने हो सो समेत खुलाई पेश गर्नु पर्नेछ ।

६. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक मात्र स्वीकृत गर्ने सर्वाधिकार नगर कार्यपालिकाको कार्यालयमा निहीत रहनेछ ।

७. तोकिएको समयमा र रित पुर्वक पेश हुन नआएका दरभाउ पत्र उपर कुनै पनि कार्वाही हुने छैन ।

८. दरभाउ पत्र दाताले आपुर्ति गर्न चाहेको वस्तु, सामाग्रीहरुको गुणस्तर प्रमाणित गर्ने कुनै कागजात वा सो सामाग्रीका विशेषता खुल्ने स्पोसिफीकेसन भए सो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

**खाँदवारी नगरपालिका**

**Khandbari Municipality**

**नगर कार्यपालिकाको कार्यालय**

खाँदबारी,सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल ।

९. प्राप्त भएका सिलवन्दी दरभाउ पत्रहरु १६ औ दिन दिनको २.०० वजे उपस्थित भएका सिलवन्दी दरभाउ पत्र दाता वा प्रतिनिधीहरुको रोहवरमा खाँदवारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

१०. सिलवन्दी दरभाउ पत्रसाथ जमानत वापतको रकम संखुवा सभा खाँदवारी स्थित रा. वा. वै. शाखा कार्यालयमा रहेको यस कार्यालयको धरौटी खाता न. २०८०३०३००६१०२ मा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको म्याद भएको मान्यता प्राप्त वाणिज्य वैकहरुवाट जारी गरिएको जमानत पत्र सम्लग्न हुनु पर्नेछ । धरौटी र अन्य विवरण तपसील अनुसार हुनेछ ।

११. सिलवन्दी दरभाउ पत्र दाताहरुलाई आवश्यक थप कुरा वुझ्न परेमा कार्यालय समय भित्र खाँदवारी नगरपालिका नगर कार्यपालिका कार्यालयमा आफै उपस्थित भई वा कार्यालयको वेभ साइट www.khandbaromun.gov.np. वा खाँदवारी नगरपालिकाको मोवाहल एप वा टेलिफोन न. ०२९-५६०१४१, ५६०२५० मा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ ।

१२ . सिलवन्दी खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सिलवन्दी दरभाउ खरिद गर्न र खोल्न सकिनेछ ।

१३. यस सूचनामा उल्लेखित भएकोमा यसै वमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम, अनुसार अनुसार हुनेछ ।

तपसील

| सि. न. | कामको विवरण | ल. ई. (भ्याट ओभरहेड वाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फर्निचरका सामाग्री | ९,२५,२९७.६९ | २३,१३२.४४ | |
| २. | स्टेसनरी सामाग्री. | ३,५२,५६९.८५ | ८,८१४.२४ | |
| ३ | छपाइका सामाग्री | ४,१७,४७६.३५ | १०,४३७.९० | |

प्रमुख प्रशासकीय अधिकृत